# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) सुर्खेत, असार ३२ गते, २०७५ साल (अतिरिक्ताङ्क ८


## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संम्वत् २०७५ सालको ऐन नं. ७

# कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन

**प्रस्तावना** : प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने राजश्व बाँडफाँड तथा अनुदान सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १९७ बमोजिम कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन कर्णाली प्रदेश भर तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्दछ ।

(ख) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको कर्णाली प्रदेश सञ्चित कोष सम्झनु पर्दछ ।

(ग) "योजना" भन्नाले आयोजना, परियोजना, कार्यक्रम समेत सम्झनु पर्दछ ।

(घ) "वित्तीय समानीकरण अनुदान" भन्नाले दफा ४ बमोजिमको अनुदान सम्झनु पर्दछ ।

(ङ) "सशर्त अनुदान" भन्नाले दफा ५ बमोजिमको अनुदान सम्झनु पर्दछ ।

(च) "समपूरक अनुदान" भन्नाले दफा ६ बमोजिमको अनुदान सम्झनु पर्दछ ।

(छ) "विशेष अनुदान" भन्नाले दफा ७ बमोजिमको अनुदान सम्झनु पर्दछ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(झ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्दछ ।

(ञ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्दछ ।

(ट) "कर्णाली प्रदेश विभाज्य कोष" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमको कोष सम्झनु पर्दछ ।

## परिच्छेद - २

## राजस्व बाँडफाँड

३. **राजस्व बाँडफाँड** : (१) प्रदेश एवम् स्थानीय तह दुबैको अधिकारक्षेत्र भित्र परेका कर एवम् गैरकर राजस्व बाँडफाँड गर्न प्रदेश सरकारले एक कर्णाली प्रदेश विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको राजस्व अनुसूची - १ बमोजिम प्रदेश र स्थानीय सरकारबीच बाँडफाँड गरिनेछ ।

(३) उपदफा (२) बमोजिम बाँडफाँड भएको राजस्वमध्ये प्रदेश सरकारले प्राप्त गर्ने राजस्व प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ ।

(४) उपदफा (२) बमोजिमको स्थानीय तहहरू बीच बाँडफाँड हुने राजस्व यस ऐनको अधीनमा रही देहायको आधार एवम् आयोगले निर्धारण गरेको ढाँचा तथा सूत्र बमोजिम प्रदेश अन्तर्गतका स्थानीय तहलाई बाँडफाँड गरिनेछ :-

(क) राजस्व उत्पत्तिको आधार;

(ख) राजस्व सङ्कलन लागत;

(ग) प्रदेश र गाउँपालिका वा नगरपालिकाले जनतालाई पुऱ्याउनु पर्ने सेवाको क्षेत्र;

(घ) गरिबी, स्थानीय क्षेत्रगत असन्तुलन र असमानता न्यूनीकरण र

(ङ) अन्य आयका आधारहरू ।

## परिच्छेद —३

## अनुदान सम्बन्धी व्यवस्था

४. **वित्तीय समानीकरण अनुदान**: (१) प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(२) प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँड हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ ।

५. **सशर्त अनुदानः** (१) प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गरी प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ ।

६. **समपूरक अनुदानः** (१) प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरूलाई आधार बनाइनेछः-

(क) योजनाको सम्भाव्यता;

(ख) योजनाको लागत;

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल र लाभ;

(घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति र

(ङ) योजनाको आवश्यकता र प्राथमिकता ।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कूल लागतको अनुपातको आधारमा प्रदान गरिनेछ ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **विशेष अनुदानः** (१) प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक विकास, आवास, लैङ्गिक सशक्तीकरण जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने;

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने र

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेद तथा वञ्चितीकरणमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने।

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद — ४

## विविध

८. **अनुदानको प्रयोगः** यस ऐन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ । सोही प्रयोजनमा प्रयोग भएको नपाइएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलव्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

९. **नियम तथा कार्यविधि बनाउन सक्नेः** यस ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले नियम वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

## अनुसूची — १
(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)
राजस्व बाँडफाँड (प्रतिशतमा)

| क्र.स. | राजस्व शीर्षक | प्रदेश | स्थानीय तह | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन कर | ६० | ४० | |
| २ | घरजग्गा रजिष्ट्रेशन शुल्क | ४० | ६० | |
| ३ | विज्ञापन कर | ४० | ६० | |
| ४ | मनोरञ्जन कर | ४० | ६० | |

द्रष्टव्यः उल्लेखित करको दर आर्थिक ऐनमा तोकिनेछ ।

प्रमाणीकरण मिति : २०७५।३।३२

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३